# अर्थ बुलेटिन

वर्ष १ अंक १२ असार, २०७७

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

कोभिड-१९ को संक्रमणको जोखिम बढिरहेको विषम परिस्थितिमा पनि आर्थिक वर्ष २०७६/७७ मा आर्थिक वृद्धि बाहेकका अधिकांश समष्टिगत आर्थिक परिसूचकहरू सन्तोषप्रद रहेका छन्। मूल्यवृद्धि ६ प्रतिशतको हाराहारीमा रहेको अनुमान छ भने बाह्य क्षेत्र सन्तुलनमा छ। वैदेशिक सहायता प्रतिवद्धता र सोको प्राप्तिमा वृद्धि भएको छ। निर्यातमा सामान्य वृद्धि भएको र आयात घटेको कारण व्यापार घाटामा कमी आएको छ। चालु खाता घाटा कम भएको छ। शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिमा पनि उल्लेख्य सुधार भएको छ।

गत वर्षको तुलनामा आयात घटेको कारण समग्र राजस्वमा कमी आएपनि आन्तरिक उत्पादनमा मूल्य अभिवृद्धि कर र आयकर दुवै वृद्धि भएको छ। बैंक तथा वित्तीय क्षेत्रको निक्षेप र निजी क्षेत्रमा प्रवाह हुने कर्जा दुवै वृद्धि भएको छ। ब्याजदर घट्ने क्रममा छ।

आर्थिक वर्ष २०७७/७८ को प्रारम्भ देखि नै बन्दाबन्दीको अन्त्य भएको र बजेट कार्यान्वयन प्रकृया अगाडि बढिसकेकोले आर्थिक कृयाकलापको बिस्तार हुँदैजाने अपेक्षा गरिएको छ।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको कुल खर्च रू. ११ खर्ब १० अर्ब ४६ करोडको तुलनामा १.५ प्रतिशतले कमी आई रू. १० खर्ब ९४ अर्ब ३४ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ७ खर्ब ८६ अर्ब ५३ करोड, पूँजीगत खर्च रू. १ खर्ब ९१ अर्ब ७७ करोड र वित्तीय व्यवस्था तर्फ रू. १ खर्ब १६ अर्ब ४ करोड रहेको छ।

**चार्ट (क): पछिल्लो ५ वर्षको खर्चको प्रवृत्ति (रु. अर्बमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन


आर्थिक वर्ष २०७६/७७ मा कुल राजस्व गत आर्थिक वर्षको कुल राजस्व रू. ८ खर्ब २९ अर्ब ६२ करोडको तुलनामा ४.३ प्रतिशतले कमि आई रू. ७ खर्ब ९३ अर्ब ७८ करोड रहेको छ। कुल राजस्वमा कर राजस्व रू. ७ खर्ब ५ करोड र गैरकर राजस्व रू. ९३ अर्ब ७३ करोड रहेको छ। साथै आ.व. २०७६/७७ मा रू. ४७ अर्ब ५८ करोड अन्य प्राप्ति भएको छ। अन्य प्राप्ति सहित कुल राजस्व रू. ८ खर्ब ४१ अर्ब ३६ करोड रहेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको राजस्व परिचालनको प्रवृत्ति (रु. अर्बमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**चार्ट (ग): आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को राजस्व संकलनको संरचना**




२०७५/७६




२०७६/७७

**तालिका (क): राजस्व लक्ष्य र असुलीको विवरण** **(रू. अर्बमा)**

| कर शीर्षक | आ.व.२०७६/७७ को वार्षिक लक्ष्य | आ.व. २०७६/७७ को संशोधित वार्षिक लक्ष्य | २०७५/७६ को वार्षिक संकलन | २०७६/७७ को वार्षिक संकलन | वार्षिक परिवर्तन (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| **भन्सार महशुल** | २१३.२० | १५८.५८ | १५५.३७ | १३७.९९ | (११.१८) |
| **मूल्य अभिबृद्धि कर** | ३१५.०१ | २३४.३१ | २४१.६१ | २२४.०७ | (७.२६) |
| उत्पादन, विक्री, सेवा | ११८.३८ | ८८.०६ | ८९.५६ | ९८.२६ | ९.७२ |
| पैठारी | १९६.६३ | १४६.२६ | १५२.०६ | १२५.८१ | (१७.२६) |
| **अन्त:शुल्क** | १६९.९८ | १२६.४४ | १२१.८६ | १००.६२ | (१७.४३) |
| आन्तरिक उत्पादन | १०६.३० | ७९.७३ | ७३.७६ | ६४.९८ | (११.९१) |
| पैठारी | ६३.६८ | ४६.७० | ४८.१० | ३५.६५ | (२५.८९) |
| **आयकर** | २८०.३५ | २०८.५४ | १९४.२८ | २१९.६९ | १३.०८ |
| आयकर | २४७.८९ | १८४.४० | १७५.४९ | १९७.६९ | १२.६६ |
| ब्याज कर | ३२.४६ | २४.१५ | १८.८० | २१.९९ | १७.०१ |
| **अन्य कर** | ३०.६२ | २२.६२ | १५.९१ | १७.६८ | ११.१३ |
| **कर राजस्व जम्मा** | १,००९.१६ | ७५०.५० | ७२९.०३ | ७००.०५ | (३.९७) |
| **गैर कर जम्मा** | १०२.८७ | ७६.५२ | १००.५९ | ९३.७३ | (६.८२) |
| **कूल राजस्व** | १,११२.०३ | ८२७.०२ | ८२९.६२ | ७९३.७८ | (४.३२) |
| **अन्य प्राप्ति** | - | - | १०.०४ | ४७.५८ | ३७३.८० |
| **जम्मा राजस्व/प्राप्ति** | १,११२.०३ | ८२७.०२ | ८३९.६६ | ८४१.३६ | ०.२० |

#अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क मात्र संलग्न गरिएको।

स्रोत: अर्थ मन्त्रालय

## करको दायरा विस्तार

स्थायी लेखा नम्बर लिने करदाताको संख्या एक वर्षमै ५४.४ प्रतिशतले बढेर करिब ३३ लाख ५४ हजार पुगेको छ। २०७७ असार सम्म दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १३ लाख ७२ हजार ८ सय ५७ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १९ लाख ७५ हजार ९ सय ३१ पुगेका छन्। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ५८ हजार ६ सय ७५ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या ९८ हजार ३६ पुगेको छ। आर्थिक वर्ष २०७६/७७ को असारसम्ममा ४४ हजार ९ सय ५ नयाँ करदाताहरू मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। यस अवधिमा अन्तःशुल्कमा दर्ता भएका करदाता २० हजार ६ सय २२ रहेका छन्।

**तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७६ असारसम्म | २०७५/७६ को असारसम्ममा थप | २०७६/७७ को असारसम्ममा थप | वार्षिक परिवर्तन (प्रतिशतमा) | २०७७ असारसम्मको जम्मा |
|---|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | ११७८३८३ | १५५६७२ | १९४,४७४ | २४.९ | १३७२८५७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९३०८० | २२८४६९ | ९८२८५१ | ३३०.२ | १९७५९३१ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ७३७ | ६२२ | ४३६९ | ६०२.४ | ५१०६ |
| **जम्मा स्थायी लेखा नम्बर** | **२१७२२००** | **३८४७६३** | **११८१६९४** | **२०७.१** | **३३५३८९४** |
| मू.अ.कर | २१३७७० | ३६४३० | ४४९०५ | २३.३ | २५८६७५ |
| अन्तः शुल्क | ७७४१४ | १५९४५ | २०६२२ | २९.३ | ९८०३६ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

आर्थिक वर्ष २०७६/७७ मा वैदेशिक सहायता प्रतिवद्धतामा ५९.० प्रतिशतले वृद्धि भई रु. २ खर्ब १९ अर्ब ८८ करोड पुगेको छ। यसमध्ये अनुदान सहायता रु. ३० अर्ब १० करोड र ऋण सहायता रु. १ खर्ब ८९ अर्ब ७८ करोड रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः १३.७ प्रतिशत र ८६.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो हिस्सा क्रमश: २४.१८ प्रतिशत र ७५.८२ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७६/७७ मा वैदेशिक सहायता प्राप्ति अघिल्लो आर्थिक वर्षको तुलनामा ४०.५ प्रतिशतले वृद्धि भई रू. ३ खर्ब ४ अर्ब ७० करोड पुगेको छ। जसमा रू. १८ अर्ब ८३ करोड बराबरको अनुदान सहायता र रू. २ खर्ब ८५ अर्ब ८७ करोड ऋण सहायता रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम अनुदान रू. २१ अर्ब ३६ करोड र ऋण रू. १ खर्ब ९५ अर्ब ५० करोड गरी कुल रू. २ खर्ब १६ अर्ब ८६ करोड रहेको थियो।

२०७७ असारसम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. १३ खर्ब ४६ अर्ब ७६ करोड रहेको छ। यस मध्ये आन्तरिक ऋण रू. ६ खर्ब १३ अर्ब ७४ करोड र वैदेशिक ऋण रू. ७ खर्ब ३३ अर्ब २ करोड रहेको छ।यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. ३३ अर्ब ९८ करोड बराबरको सावाँ भुक्तानी र रू. २० अर्ब ८२ करोड बराबरको व्याज भुक्तानी गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रू. २३ अर्ब ५६ करोड र ब्याज रू. ५ अर्ब २६ करोड भुक्तानी गरेको छ।

## वित्तीय क्षेत्र

२०७६ जेठसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको सङ्ख्या ७४६ रहेको छ। गत वर्षको जेठसम्म यस्तो सङ्ख्या ७३० रहेको थियो। २०७६ जेठसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ८,५६४ रहेकोमा २०७७ जेठसम्म यस्तो सङ्ख्या १३.५ प्रतिशतले बढेर ९,७१६ पुगेको छ। वार्षिक विन्दुगत आधारमा २०७६ जेठमसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १३.० प्रतिशतले वृद्धि भई रु. ३२ खर्ब ९१ अर्ब २५ करोड र बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १८.१ प्रतिशतले वृद्धि भई रु. ३६ खर्ब ६६ अर्ब ६२ करोड पुगेको छ ।

## पूँजी बजार

वार्षिक विन्दुगत आधारमा २०७६ असार मसान्तमा १२५९.०२ विन्दुमा रहेको नेप्से सूचकांक ८.२ प्रतिशतले बढेर २०७७ असार मसान्तमा १३६२.३५ विन्दु कायम भएको छ।

## समग्र मूल्य स्थिति

२०७७ जेठमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ४.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दर ६.२ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत दाल तथा गेडागुडी, सूर्तिजन्य वस्तु, मसला, अल्कोहलिक पेय पदार्थ र फलफूल उपसमूहको मूल्य वृद्धि उच्च रहेको छ। आ.व. २०७६/७७ को औसत मूल्य वृद्धिदर ६.२ प्रतिशत रहेको अनुमान छ।

## बाह्य क्षेत्र

### वस्तु निकासी

आर्थिक वर्ष २०७६/७७ मा कुल वस्तु निकासी गत आर्थिक वर्षको तुलनामा ०.६ प्रतिशतले वृद्धि भई रू. ९७ अर्ब ७१ करोड पुगेको छ। गत आर्थिक वर्षमा कुल वस्तु निकासी रू. ९७ अर्ब ११ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को कुल निकासीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ७१.८ प्रतिशत १.२ प्रतिशत र २७.० प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो निकासी क्रमशः ६४.६ प्रतिशत, २.२ प्रतिशत र ३३.२ प्रतिशत रहेको थियो। यस वर्ष प्रशोधित भटमासको तेल, प्रशोधित पाम आयल र जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासी बढेको छ।

**तालिका (घ) : असार महिनासम्ममा निकासी भएका प्रमुख १० वस्तुहरु (मूल्य रु. अर्बमा)**

| क्र.सं. | वस्तु | २०७५/२०७६ | २०७६/२०७७ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रशोधित पाम तेल | १०.३३ | १८.३२ | ७७.३ |
| २ | भटमासको तेल प्रशोधित | २.३५ | १२.६९ | ४४०.९ |
| ३ | सेन्थेटिक यार्न | ९.७२ | ७.१९ | -२६.० |
| ४ | उनी गलैंचा कार्पेट | ७.३७ | ६.१६ | -१६.५ |
| ५ | तयारी कपडा | ५.६९ | ४.३५ | -२३.६ |
| ६ | अलैची | ४.२८ | ४.०२ | -६.२ |
| ७ | फलफुलको जुस | ४.५७ | ३.४३ | -२५.० |
| ८ | जुटका बुनिएका कपडा | ३.०६ | ३.१५ | ३.० |
| ९ | अन्य कपडा(उनी,सुती,टेरीकटन बाहेकका) | ३.४२ | २.८७ | -१५.९ |
| १० | चिया | ३.२० | २.७८ | -१३.१ |
| ११ | अन्य | ४३.११ | ३२.७४ | -२४.१ |

स्रोतः भन्सार विभाग ।

### वस्तु पैठारी

आर्थिक वर्ष २०७६/७७ मा कुल वस्तु पैठारी रू. ११ खर्ब ९६ अर्ब ८० करोड रहेको छ। यस्तो पैठारी गत आर्थिक वर्षको तुलनामा १५.६ प्रतिशतले कम हो। अघिल्लो आर्थिक वर्षमा यस्तो पैठारी रू. १४ खर्ब १८ अर्ब ५४ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६१.४ प्रतिशत, १५.२ प्रतिशत र २३.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६४.७ प्रतिशत, १४.५ प्रतिशत र २०.८ प्रतिशत रहेको थियो। यस वर्ष डिजेल, एस.एम.विलेट, सुन, डोजर, ग्रेडर, लेभलर, स्क्याभेटर, तयारी कपडा लगायतका प्रायः सबै वस्तुको आयात घटेको छ।

**तालिका (घ): असार महिनासम्ममा पैठारी भएका प्रमुख १० वस्तुहरू (रु. अर्बमा)**

| क्र.सं. | वस्तुको नाम | २०७५/७६ | २०७६/७७ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | डिजेल | ११९.८९ | ८७.३८ | -२७.१ |
| २ | एम.एस.विलेट | ६६.९६ | ४२.२४ | -३६.९ |
| ३ | सुन | ३४.६४ | १३.६४ | -६०.६ |
| ४ | डोजर, ग्रेडर, लेभलर, स्क्याभेटर | १९.२२ | ११.३३ | -४१.१ |
| ५ | तयारी कपडा | ३१.०६ | २३.४६ | -२४.५ |
| ६ | सिमेन्ट क्लिङकर | ११.६८ | ४.४१ | -६२.२ |
| ७ | पेट्रोल | ३५.५५ | २८.३७ | -२०.२ |
| ८ | अन्य कोइला | २६.२६ | १९.२५ | -२६.७ |
| ९ | चाँदी | १६.०९ | ९.४९ | -४१.० |
| १० | स्टील वायर रड इन क्वायल र ८ एम.एस. सम्म | १६.२४ | १०.०५ | -३८.१ |
| ११ | अन्य | १०४०.९६ | ९४७.१८ | -९.० |

स्रोतः भन्सार विभाग ।

### व्यापार सन्तुलन

आर्थिक वर्ष २०७६/७७ को कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको तुलनामा १६.८ प्रतिशतले घटेर रू. १० खर्ब ९९ अर्ब १० करोड मा झरेको छ। गत आर्थिक वर्षमा वस्तु व्यापार घाटा रू. १३ खर्ब २१ अर्ब ४३ करोड थियो। आर्थिक वर्ष २०७६/७७ को व्यापार घाटा वार्षिक प्रारम्भिक कुल गार्हस्थ्य उत्पादनको २९.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको ३८.२ प्रतिशत रहेको थियो।

### सेवा व्यापार

आर्थिक वर्ष २०७६/७७ को पहिलो ११ महिनामा कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रू. १ खर्ब ७१ अर्ब ३ करोडको तुलनामा १७.४ प्रतिशतले कमी आई रू. १ खर्ब ४१ अर्ब २४ करोड रहेको छ। साथै सेवा खर्चमा १९.० प्रतिशतले कमी आई रू. १ खर्ब ४६ अर्ब १३ करोड रहेको छ।

यस अवधिको खुद सेवा आय रू. ४ अर्ब ८९ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. ९ अर्ब २७ करोडले घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह

आर्थिक वर्ष २०७६/७७ को जेठसम्ममा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.० प्रतिशतले कमी आई रू. ७ खर्ब ७४ अर्ब ८७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह रू. ७ खर्ब ९९ अर्ब २ करोड रहेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को जेठ महिनासम्म शोधनान्तर स्थिति रू. १ खर्ब ७९ अर्ब ३७ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ९० अर्ब ८३ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. ७१ अर्ब ६४ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. २ खर्ब ४९ अर्ब ८ करोड रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

२०७७ जेठमसान्तमा विदेशी विनिमय सञ्चिति रू.१३ खर्ब ६ अर्ब ४६ करोड पुगेको छ। २०७६ जेठमसान्तमा यस्तो सञ्चिति रू. १० खर्ब ३० अर्ब ८८ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को पहिलो ११ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले करिब १ वर्षको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर

२०७६ जेठ मसान्तको तुलनामा २०७७ जेठ मसान्तमा नेपाली रुपैंया अमेरिकी डलरसँग ९.२५ प्रतिशतले अवमूल्यन भई रु. १२०.५१ रहेको छ। २०७६ असार मसान्तमा उक्त विनिमय दर रु १०९.३६ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

## कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को असार महिनासम्ममा कम्पनी दर्ताको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २६.९ प्रतिशतले घटेर १८ हजार ६ सय २८ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २५ हजार ४ सय ९२ रहेको थियो। कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि चालिएका कदमहरूले यस्तो सङ्ख्या घटेको हो।

## पर्यटक आगमन

सन् २०२० को जुलाई सम्ममा हवाई मार्गबाट नेपाल आउने पर्यटकको सङ्ख्या १ लाख ७७ हजार ४ सय १० रहेको छ। सन् २०१९ को सोही अवधिसम्ममा यस्तो सङ्ख्या ६ लाख ४४ हजार ५ सय ७४ रहेको थियो। कोभिड-१९ को विश्वव्यापी महामारीको कारण आन्तरिक एवम् बाह्य आवागमनको लागि हवाई तथा स्थल यातायातका साधनहरू बन्द भएकोले यसको प्रत्यक्ष प्रभाव पर्यटक आगमनमा परेको छ।

## विद्युत उपभोग

चालु आर्थिक वर्ष २०७६/७७ को असार महिनासम्म विद्युत उपभोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.६ प्रतिशतले बढेर ६५५८.५१ गिगावाट घण्टा पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उपभोग ६३९४.५ गिगावाट घण्टा रहेको थियो।

# नीतिगत तथा कानूनी राय परामर्श

- विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ मा नेपाल सरकार (माननीय मन्त्रीस्तर) मिति २०७७/०३/२४ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ।
- "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" मा तेस्रो संशोधन मस्यौदा सिफारिस गर्न नेपाल सरकार, सचिव (राजस्व) स्तर, मिति २०७७/०३/२८ को निर्णयानुसार वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा सिफारिस समिति गठन गरिएको छ।
- जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको "आर्थिक विनियमावली, २०७६" र "मानव संशाधन व्यवस्थापन विनियमावली, २०७६" को प्रस्तावित मस्यौदा उपर नेपाल सरकार (माननीय मन्त्रीस्तर) मिति २०७७।०३।२८ को निर्णयानुसार सहमति प्रदान गरिएको छ।
- लोक सेवा आयोगबाट संगठित संस्थाको लिखित परीक्षा (खर्च व्यवस्थापन) सञ्चालन कार्यविधि, २०७७ राय प्रतिक्रिया माग भई आएकोमा नेपाल सरकार (सचिवस्तर) मिति २०७७।०३।२५ को निर्णयानुसार राय प्रतिक्रिया उपलब्ध गराइएको छ।
- राष्ट्र ऋण उठाउने ऐन, २०७७, ऋण तथा जमानत (चौबिसौं संशोधन) ऐन, २०७७, विनियोजन ऐन, २०७७ को सूचना राजपत्रमा प्रकाशन गरिएको छ।
- विभिन्न प्रकारका राजस्व छुट सम्बन्धी तीन वटा सूचना प्रकाशनका लागि २०७७/३/१६ मा मुद्रण विभागमा पठाईएको छ।
- यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएका रिटहरू: ०७६-wo-०९७८, ०७६-wo-०९८३, ०७६-wo-०९६६ र ०७६-wo-०९७४ का सम्बन्धमा श्री सर्वोच्च अदालतलाई लिखित जवाफ पठाइएको छ।
- भन्सार एजेन्ट छनौट (परीक्षा संचालन) कार्यविधि २०७७ र भन्सार एजेन्टको लिखित परीक्षाको पाठ्यक्रम स्वीकृत भएको छ।

# मन्त्रालयका गतिविधिहरू

- **वैदेशिक सहायता सम्झौता**

➢ नेपाल सरकार र विश्व बैंकबीच नेपालको उर्जा क्षेत्रको वित्तीय व्यवहारिकता, सुशासन र कोभिड-१९ को संक्रमणबाट सो क्षेत्रको पुनरुत्थानको लागि अमेरिकी डलर १०० मिलियन बराबरको Development Policy Credit (DPC) मा मिति २०७७ असार २४ मा हस्ताक्षर सम्पन्न भएको छ।

➢ नेपाल सरकार र स्वीजरलैण्ड सरकारबीच Small Irrigation Programme-Phase II अन्तर्गत प्रदेश नं. १ को प्रदेश र

स्थानीय तहमार्फत कार्यान्वयनको लागि अमेरिकी डलर १७.६ मिलियन अनुदान सहायतामा हस्ताक्षर भएको छ।

➢ नेपाल सरकार र एशियाली विकास बैंकबीच नागरिक उड्डयन क्षेत्रको स्तरोन्नतिको लागि अमेरिकी डलर ५० मिलियन बराबरको ऋण सम्झौतामा हस्ताक्षर भएको छ।

- नेपाल सरकारबाट घोषणा भएको लकडाउन अवधिभरमा खरीद सम्झौता भएका तथा उक्त अवधि भित्र सम्झौताको म्याद समाप्त भएका तर सम्झौता बमोजिमको कार्य सम्पन्न हुन नसकेको अवस्थामा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको निवेदनको आधारमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले नेपाल सरकारलाई थप लागत नपर्ने एवं म्याद थप गरे बापत अन्य कुनै दाबी गर्न नपाउने गरी सम्झौता/करार गराई आर्थिक दायित्व नपर्ने गरी साविकको खरीद सम्झौतामा सम्बन्धित पदाधिकारीले बढीमा ६ महिना म्याद थप गर्न स्वीकृती दिने निर्णय (नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/३/२९ गते) गरिएको छ।
- मिति २०७७२६/०३/ मा भन्सार जाँचपासको लागि हाल प्रयोग भइरहेको Asycuda World प्रणाली र RIMS लाई आवद्ध गरी e-payment कार्यान्वयन गर्ने, केन्द्रीय जाँच प्रणाली र Virtual Customs Clearance सम्बन्धी अध्ययन गर्ने र निकट भविष्यमा विकास हुन लागेको Nepal National Single Window System(NNSW) मा समेत e-payment आवद्ध गर्ने सम्बन्धमा गठन भएको भन्सार महशुल लगायत सम्पूर्ण करको विद्युतीय भुक्तानी र स्वचालीत भन्सार जाँचपास प्रणाली सम्बन्धी कार्यदलको बैठक सम्पन्न भएको छ ।
- भन्सार विभागले विश्व भन्सार संगठन (WCO) को Framework मा रही भन्सार बिन्दुमा लाग्ने वास्तविक समय अवधिको अध्ययन गर्न गरिएको भैरहवा भन्सार कार्यालयको Time Release Study को सम्पूर्ण काम सम्पन्न भई प्रतिवेदन समेत तयार भएको छ।

## अन्य गतिविधिहरू

- सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको प्रमुख आतिथ्यतामा मिति २०७७ असार १५ गते भएको नेपाल उद्योग परिसंघको १७ औं वार्षिक साधारणसभामा सम्माननीय प्रधानमन्त्रीले कोभिड १९ ले निम्त्याएको समस्या साझा भएकोले सबै एकजुट भएर समाधान गर्नुपर्ने बताउनु भयो। सम्माननीय प्रधानमन्त्रीले समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न निजी क्षेत्रको भूमिका महत्वपूर्ण भएको उल्लेख गर्नुहुँदै निजी क्षेत्रको प्रवर्द्धनका लागि सरकारले विभिन्न पहल गरेको जानकारी गराउनुभयो।



नेपाल उद्योग परिसंघको १७ औं वार्षिक साधारण सभाको Virtual meeting मा सहभागी हुनुहुँदै सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरु

माननीय अर्थमन्त्री डा.युवराज खतिवडाले कोभिड १९ का कारण सार्वजनिक निर्माण, व्यापार व्यवसाय लगायतका आर्थिक क्रियाकलापहरू ठप्प हुँदा आर्थिक वृद्धि संकुचित भएको र केही क्षेत्रमा नकारात्मक आर्थिक वृद्धि हुने स्थिति बनेको उल्लेख गर्नुहुँदै लकडाउन खुकुलो बन्दै जाँदा यी आर्थिक क्रियाकलाप लयमा आउने बताउनु भयो।

माननीय अर्थमन्त्री खतिवडाले लकडाउनको अवस्थामा श्रमिकहरू काममा फर्केर आउन असुविधा भएकोले यो समयको सदुपयोग गर्न On the Job Training सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो। उहाँले नेपालको बजेटरी इतिहासमा अहिले सबैभन्दा धेरै बजेट श्रमको सीप विकासमा विनियोजन भएको बताउनु हुँदै निजी क्षेत्रबाट श्रमिकहरूलाई On the Job Training सञ्चालन गर्दा न्यूनतम ज्यालाको ५० प्रतिशत रकम अनुदान दिने व्यवस्था गरेको बताउनु भयो। उहाँले वैदेशिक रोजगारबाट फर्किने/फर्किएका नेपाली नागरिकलाई यस्तो ट्रेनिङमा आवद्ध गर्न जोड दिनुभयो। माननीय अर्थमन्त्रीले रोजगारदाता र श्रमिकको बीचको सम्बन्धमा सरकारले सहजीकरण गरी औद्योगिक सम्बन्ध सुमधुर राख्न पहल गर्ने विचार व्यक्त गर्नुभयो।

सो कार्यक्रममा माननीय उद्योग, वाणिज्य तथा अपूर्ति मन्त्री लेखराज भट्ट र माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर यादवले समेत सम्बोधन गर्नु भएको थियो।